नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोनः ०७१-५७०५१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :-

# कृषिजन्य यन्त्र/उपकरणहरुको सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

सूचना नं. २४/२०७९/८०

सूचना प्रकाशित मिति : २०७९/१२/०५

यस एकाइको चालु आ.व. २०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार लक्षित रुपन्देही र नवलपरासी (ब.सु.प.) को जोन/सुपरजोन कार्यक्षेत्रमा कृषि यान्त्रीकरण सहयोग कार्यक्रमको लागि माग भएका विभिन्न किसिमका कृषिजन्य यन्त्र/उपकरणहरुको मूल्य सूची उपलब्ध गराउन यस एकाइमा सूचिकृत भएका र सूचिकृत हुन चाहने कम्पनी/फर्म/आपुर्तिकर्ता/उत्पादक संस्थाहरुले आ-आफ्नो संस्था सूचिकृत गरी यस परियोजनाको Website: piurupandehi.pmamp.gov.np बाट कृषिजन्य यन्त्र/उपकरणहरुको मूल्य सूचि प्रस्ताव फारम डाउनलोड गरी तपशिल बमोजिमको आवश्यक कागजात तथा विधि सहित सूचना प्रकाशन भएको ७ दिन भित्र सिलबन्दी मूल्य सूची प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

१. सिलबन्दी मूल्य सूची प्रस्ताव सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र परियोजना कार्यान्वयन इकाई, रुपन्देहीमा दर्ता गरी सक्नु पर्नेछ ।

२. सिलबन्दी मूल्य सूची प्रस्तावको साथ फर्मको दरभाउ-पत्र साथ फर्मको इजाजत पत्र प्रतिलिपि, मूल्य अभिबृद्धि वा प्यान प्रमाणपत्र प्रतिलिपि, २०७९/८० को कर चुक्ता प्रमाणपत्र प्रतिलिपि, संचालकको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि, गुणस्तर चिन्ह प्रमाणपत्र प्रतिलिपि, रङ्गिन चित्र सहितको मेशिनरी क्याटलग र मेशिनरीको परीक्षण प्रतिवेदन संलग्न राखी पेश गर्नु पर्नेछ।

३. स्पेशिफिकेशन अनुसार मात्र प्राप्त भएको विभिन्न कृषि यन्त्र/उपकरणहरुको दरभाउको प्राप्त मूल्य सूचि तुलनात्मक अध्ययन विश्लेषण गरी न्यूनतम मूल्यमा अनुदान प्रवाह हुने गरी यस परियोजनाको स्वीकृत अनुदानग्राही मार्फत सूचिकृत भएका आपुर्तिकर्ताहरुबाट खरीद प्रक्रिया अगाडी बढाउने गरी अनुदानग्राही सँग सम्झौता गरिनेछ र सोही अनुसार यस एकाइमा सूचिकृत भएका कम्पनी/फर्म/आपुर्तिकर्ता/उत्पादक संस्थाहरुले मात्र अनुदानग्राहीहरुसँग सम्झौता गरी कार्यक्रम संचालन गर्न सक्नेछन्।

नोटः माथि उल्लेखित विवरणहरु अपुग हुने गरी पेश भएका सिलबन्दी मूल्य सूची प्रस्तावहरु स्वीकृत गर्न कार्यालय बाध्य हुने छैन।

थप जानकारीको लागि परियोजनाको Website: piurupandehi.pmamp.gov.np फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७,९८५७०१७३८१, ९८६७१५५६७४ मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

नारायण काफ्ले
वरिष्ठ कृषि अधिकृत
रा.प.द्वि.(प्रा.)